नेपाल सरकार

# रक्षा मन्त्रालय

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४

फ्याक्स नं.: ४२११२९४

सिंहदरबार, काठमाडौं, नेपाल


## प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री पूर्णबहादुर खड्काज्यूसँग आज मिति २०८०/०७/१२ गते संयुक्त राष्ट्रसंघका महासचिव H.E. António Guterres ले रक्षा मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो। शिष्टाचार भेटघाटको क्रममा माननीय उपप्रधानमन्त्रीज्यूले महामहिम महासचिवज्यूलाई स्वागत गर्नुहुँदै नेपालको आर्थिक, सामाजिक विकासमा संयुक्त राष्ट्रसंघबाट प्राप्त भएको निरन्तर सहयोगको लागि धन्यवाद व्यक्त गर्नुभयो।

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूले नेपालले सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेदेखि नै संयुक्त राष्ट्र संघसँगको साझेदारीलाई उच्च महत्त्व दिँदै आएको र संयुक्त राष्ट्रसंघको बडापत्र एवम् जिम्मेवारीप्रति नेपाल सदा प्रतिबद्ध रहेको कुरा उल्लेख गर्दै संयुक्त राष्ट्रसंघले विगत लामो समयदेखि नेपाललाई गरिबी न्यूनीकरण, पूर्वाधार क्षेत्रको विकास, स्वास्थ्य सेवाको विस्तार, विपद् जोखिम न्यूनीकरण एवम् सामाजिक क्षेत्रहरूमा गर्दै आएको सहयोगको लागि धन्यवाद दिनुभयो।

विश्व शान्ति कायम गर्ने संयुक्त राष्ट्रसंघको उद्देश्य अनुसार सन् १९५८ मा नेपालबाट लेबनानमा संयुक्त राष्ट्र संघको पर्यवेक्षक समूह (UNOGIL) पठाएर शुरु भएको विश्व शान्ति स्थापना कार्यमा नेपालको संलग्नता क्रमिक रूपमा वृद्धि भई अहिले विश्वका १२ राष्ट्रका १३ वटा मिशनमा ६३०८ नेपाली शान्ति सैनिक परिचालन भइरहेको कुरा वहाँले बताउनु भयो। साथै, आगामी दिनमा नेपाल सरकार संयुक्त राष्ट्रसंघको अनुरोधमा थप शान्ति सैनिक पठाउन तयार रहेको व्यहोरा उल्लेख गर्नुभयो।

हालका दिनहरूमा शान्ति सैनिकहरूमाथि लक्षित आक्रमणहरूले शान्ति सैनिकहरूको सुरक्षा र मर्यादा कायम राख्न शान्ति सेनालाई थप बलियो बनाउनु पर्ने कुरामा वहाँले जोड दिनुभयो। साथै, माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूले महासचिवको लैङ्गिक समानता रणनीतिमा आधारित भै महिला शान्ति सैनिकहरूको सहभागिता बढाउन नेपाल प्रतिबद्ध रहेको र नेपालले शान्ति स्थापना कार्यमा महिला शान्ति सैनिकको सहभागिता वृद्धि गर्ने कुरामा लागिरहेको साथै, हाल Staff Officer Category मा १८ प्रतिशतको लक्ष्य पूरा भइसकेको र अन्य तहमा समेत महिला सहभागिता वृद्धि गर्ने कार्य अघि बढाइएको बताउनु भयो। महासचिवले अगाडि बढाउनु भएको Action for Peace (A4P) तथा Action for Peace Plus (A4P+) प्रति नेपाल सरकार प्रतिबद्ध रहेको बताउँदै महिलाविरुद्ध हुने यौन शोषण र दुर्व्यवहारका मामिलाहरूमा शून्य सहिष्णुता नीतिलाई नेपालले पूर्ण रूपमा अवलम्बन गरिरहेको कुरा वहाँले राख्नुभयो। साथै, अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई अझ प्रभावकारी बनाउन नेपाल र संयुक्त राष्ट्र संघबीच विद्यमान सहकार्यलाई थप सुदृढ तुल्याउन नेपाल सदा प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

नेपाली शान्ति सैनिकहरूले राष्ट्रसंघीय मिशनको उद्देश्य पूरा गर्ने सन्दर्भमा उच्च व्यावसायिक दक्षता र समर्पण भावका साथ द्वन्द्वग्रस्त क्षेत्रमा कार्य गरिरहेको कुरा उल्लेख गर्दै माननीय उपप्रधानमन्त्रीज्यूले नेपालको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको क्षमता अभिवृद्धि गरी यसलाई उत्कृष्टताको केन्द्र (Center of Excellence) को रूपमा विकास गर्ने कार्य प्राथमिकताको साथ अघि बढाइएको र यस सन्दर्भमा संयुक्त राष्ट्र संघको थप सहयोगको नेपालले अपेक्षा गरेको विषय समेत राख्नुभयो। शिष्टाचार भेटका क्रममा नेपाल संयुक्त राष्ट्रसंघको वातावरण संरक्षण रणनीति, जैविक विविधता संरक्षण लगायतका नीति तथा कार्ययोजनाहरूप्रति प्रतिबद्ध रहेको विषय वहाँले उल्लेख गर्नुभयो। हाल संयुक्त राष्ट्र संघको शान्ति स्थापना कार्यमा दोस्रो ठूलो शान्ति सैनिक योगदान गर्ने देशको रूपमा नेपाल रहेको तथ्य उल्लेख गर्नुहुँदै माननीय उपप्रधानमन्त्रीज्यूले आगामी दिनमा नेतृत्वदायी पदमा रहेर समेत योगदान गर्न नेपाल इच्छुक र तयार रहेको विचार व्यक्त गर्नुभयो।

शिष्टाचार भेटका अवसरमा महामहिम महासचिवले नेपालले अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा प्राप्त गरेको उपलब्धि एवम् गरेको योगदानको प्रशंसा गर्नुको साथै नेपाली शान्ति सैनिकको अनुशासन, क्षमता र कर्तव्यपरायणताको संयुक्त राष्ट्र संघले उच्च मूल्याङ्कन गरेको कुरा उल्लेख गर्नुभयो। संयुक्त राष्ट्र संघको आह्वानमा नेपालले विश्व शान्ति स्थापना कार्यमा हासिल गरेको उपलब्धिप्रति उत्साहित भएको कुरा उल्लेख गर्दै आफू नेपालको विकास प्रयासमा हरसम्भव सहयोग पुर्‍याउन प्रतिबद्ध रहेको विचार व्यक्त गर्नुभयो। साथै, वहाँले जलवायु परिवर्तनले नेपाललाई पारिरहेको प्रभावको बारेमा संयुक्त राष्ट्र संघ जानकार रहेको कुरा उल्लेख गर्दै वातावरण संरक्षणमा नेपालले खेलेको भूमिकाको प्रशंसा समेत गर्नुभयो।

शिष्टाचार भेटका अवसरमा संयुक्त राष्ट्र संघका उपमहासचिव Mr. Jean-Pierre Lacroix, नेपालका लागि संयुक्त राष्ट्र संघका Resident Coordinator Ms. Hanaa Singer Hamdy लगायत नेपाली सेनाका का.मु. प्रधान सेनापति, रक्षा मन्त्रालयका सचिव एवम् परराष्ट्र मन्त्रालयका उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो।

२०८० कार्तिक १२ गते

प्रकाश पौडेल
प्रवक्ता/सहसचिव